श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले सिंहदरबार सचिवालय पुनः निर्माण समिति (गठन) आदेश, २०३० को दफा २ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा २ (२) को खण्ड (क), (ख) र (घ) को सट्टा देहायबमोजिमको खण्ड (क), (ख) र (घ) राखी हेरफेर गरेको छ।

(क) श्री माननीय आवास तथा भौतिक योजना मन्त्री वा राज्यमन्त्री – अध्यक्ष
(ख) श्री माननीय आवास तथा भौतिक योजना सहायक मन्त्री – उपाध्यक्ष
(घ) श्री सचिव आवास तथा भौतिक योजना मन्त्रालय – सदस्य

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले विकास समिति ऐन, २०१३ को दफा ८ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी खण्ड २९, मिति २०३६।४।२१ संख्या १६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठन भएको कुष्ठरोग सेवा विकास समिति (गठन) आदेश, २०३६ लाई मिति २०४४।४।१ देखि विघटन गरी उक्त समितिले गरी आएको काम तथा सम्पत्ति र दायित्व यस मन्त्रालयको जनस्वास्थ्य महाशाखामा सारिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।